# नेपाल राष्ट्र बैंक

## पोखरा कार्यालय

### सामान लिलामको सूचना

### डाँक बढाबढको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/०९)**

यस कार्यालयका देहाय बमोजिमका पुँजीगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र लिलाम बढाबढमा भाग लिन आह्वान गरिएको छ ।

| समूह | लिलाम हुने सामान | न्यूनतम मूल्य (रु.) |
|---|---|---|
| क) | **अन्य पुँजीगत सम्पत्ति, फुटकर फर्निचर तथा फुटकर सामानहरुः** (कम्प्युटर, ए.सि, नोट काउन्टिङ्ग मेसिन, प्रिन्टर, भ्याकुम क्लिनर, युपिएस, टेबल, सोफा सेट, टेलिफोन सेट ,इन्भटर ब्याट्री, क्याबिनेट आदि । ) | **रु १,१७,०५०/-** **(अक्षरेपी: एक लाख सत्र हजार पचास मात्र ।)** |

१. लिलाम बढाबढ मिति २०८३ भदौ २३ गते दिनको १:०० बजे (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।

२. बढाबढको थालनी न्यूनतम मूल्यबाट हुनेछ ।

३. लिलाममा सहभागी हुन प्रथम डाँक कबोल मूल्यको न्यूनतम मूल्यको दश प्रतिशतले हुन आउने रकम धरौटी स्वरूप राख्नुपर्नेछ ।

४. लिलाम सकार गरेका सामानको अन्तिम कबोल मूल्यको दश प्रतिशत बराबर नपुग हुने रकम थप धरौटी राख्नु पर्नेछ । लिलाम स्वीकृत गरेको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नुपर्नेछ ।

५. लिलाम बढाबढ हुने सामान हेर्न बुझ्न चाहनेले कार्यालय समय ९ बजे देखि ५ बजेसम्म नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरेको), स्थायी लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७. यो सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट http://www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

८. डाँक बढाबढ सम्बन्धी अन्य शर्तहरु डाँक बढाबढ फाराममा उल्लेख गरे बमोजिम हुनेछ ।